अनुसूची-५

(बुँदा नं ७.६ सँग सम्बन्धित)

## सार्वजनिक सुनुवाई सम्बन्धी प्रतिवेदनको ढाँचा

- सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम : गणेश
- थर : के.सी.
- ठेगाना : रोल्पा नगरपालिका वडा नं. ३, खुमेल, रोल्पा

- सुनुवाई गरिएका विषयबस्तुहरु :

क) सुनिलस्मृति गाउँपालिका वडा नं. ४ सुलिचौरमा अब्यवस्थित पार्किङ, सडक, फोहोर व्यवस्थापन

ख) वडा नं. ३ मिझिङमा रहेको चन्दप्रभा माध्यामिक विद्यालयको प्रध्यानाध्यापक, शिक्षाको गुणस्तर, भौतिक तथा शिक्षकहरुले चिट चोराएको र कपि चेक नगरि रिजल्ट प्रकाशित, अलपत्र लिफ्ट खानेपानी योजना, एक घर एक धारा, अलपत्र उद्‌घाटन गरिएका सडक योजनाहरु, गाउँ घर क्लिनिकमा औषधिको अभाव आदी

ग) वडा नं. ६ पातिहाल्नामा गाउँ घर क्लिनिक छिट्टै सञ्चालन गर्नु पर्ने, जुवा, तास, जाँडरक्सि नियन्त्रण वाहिर रहेको, जनज्योति माविको भौतिक पूर्वाधार निर्माणमा ढिला सुस्ति, प्रहरी चौकी, बैंक नभएको, टेलिफोनको समस्या रहेको, न्यून शूल्कमा फाइबर नेट सर्वसाधरणलाई वितरण गर्नुपर्ने आदी

कार्यक्रम आयोजना स्थल :- सुनिलस्मृति गाउँपालिका वडा नं. ३ मा रहेको चन्दप्रभा माध्यामिक विद्यालयको प्राङगणमा

कार्यक्रम आयोजना गरिएका मिति : २०७९/१२/२६ गते आइतबार
र समय: विहान १० : ३० बजेदेखि
कार्यक्रम सञ्चालन गरिएको समयवधि (४ घण्टा/३३ मिनेट)

उठेका प्रश्न/ जिज्ञासा र उत्तर:

कार्यक्रममा जिज्ञासा र उत्तर थुप्रै भए पनि महत्वपुर्ण जिज्ञासा तथा उत्तर मात्र यहा समावेश गरिएको छ ।

| क्र.स. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | राजेश सुवेदी सुनिलस्मृति ६ गजुल | सुनिलस्मृति ६ गजुलमा टेलिफोनको समस्या, प्रहरी चौकी, बैंकको व्यवस्था नभएको, जाँड रक्सि, जुवा, तास नियन्त्रण नभएको | ईलाका प्रहरी कार्यालय इन्जार्ज ओमप्रकाश वाग्ले<br><br>गाउँपालिका अध्यक्ष मणिराम बुढाथोकी | -प्रहरी चौकी स्थापनाका लागि पहल थालिरहेको<br>-माधक पदार्थ नियन्त्रणका लागि प्रयास थाल्ने, टेलिफोनका लागि तत्काल सम्वन्धित निकायसंग पहल गर्ने |
| २ | हिरा थापा सुनिलस्मृति ६ गजुल | सुनिलस्मृति ६ मा सबैले बुस्टर डोज नपाएको | स्वास्थ्य शाखा संयोजक मोतिम आलम | खोपको अभाव देशैभरि भएको तर उमेर समुह मिलाएर कोरोना विरुद्धको खोप अभियानलाई तिव्रता दिइरहेको |
| ३ | विपिन थापा सुनिलस्मृति ६ तिम्लेखर्क | जनज्योति माविको भौतिक संरचनाको अभाव, निर्माण कार्यमा ढिला सुस्ति | प्राविधिक शाखा प्रमुख अर्जुन श्रेष्ठ | निर्माण सामाग्री लैजानका लागि समस्या भएकाले ढिलो भएको<br>काममा तिव्रता दिने प्रतिवद्धता |
| ४ | बिरबहादुर बिष्ट सुनिलस्मृति ३ खारा | -विद्यालयमा प्रअ को विवाद रहेको<br>-कपि जाँच नगरेर रिजल्ट निकालेको | शिक्षा शाखा प्रमुख यादव केसी<br>प्रमुख प्रशासकिय अधिकृत दिनेश पौडेल | -कपि जाँच नगरेको विषयमा छानविन गर्ने<br><br>-प्रअको विवादमा अदालतमा मुद्धा परेकाले स्थानिय सरकारले केहि गर्न नसक्ने |
| ५ | बमबहादुर पुन | -लिफ्ट सिचाइ योजना लथालिंग भएको<br>-खेलकुद मैदान अलपत्र | गाउँपालिका अध्यक्ष मणिराम बुढाथोकी | लिफ्ट सिचाइका लागि पहल थालिएको<br>प्रकृयाका लागि सबैले पहल थाल्नु पर्ने र स्थानिय सरकारले पनि पहल थाल्ने |

| | | | | |
|---|---|---|---|---|
| ६ | आशिस गिरी सुनिलस्मृति ३ मिभ्किङ | सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार प्रसार कम भएको | प्रमुख प्रशासकिय अधिकृत दिनेश पौडेल | -गाउँपालिकाले विभिन्न सामाजिक संजाल, संचार माध्यमहरुमा सुचना प्रशारण गरेको<br>-सार्वजनिक सुनुवाई सबैको सरोकारको विषय भएकाले स्वतह उपस्थित हुनु पर्ने भनाई |
| ६ | शुक्रराज थापा सुनिलस्मृति ३ मिभ्किङ | -१५ शैयाको अस्पताल कहाँ गयो ?<br>-निर्माण भएका भौतिक संरचना किन दिर्घकालिन हुँदैनन् | गाउँपालिका अध्यक्ष मणिराम बुढाथोकी पुर्वाधार शाखा प्रमुख अर्जुन श्रेष्ठ | -१५ शैयाको अस्पतालका लागि पहल र प्रकृया निरन्तर रहेको<br><br>आफुहरुले सकेजति अनुगम गरिरहेको तर त्यसका लागि नागरिकहरु पनि सचेत हुनु पर्ने भनाई |

प्रतिवेदन दिएको मिति: २०७९ चैत्र २८ गते

सार्वजनिक सुनुवाई संयोजकको दस्तखत:

फोटोमा सार्वजनिक सुनुवाई

सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी गर्दै



सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी गर्दै



# निर्गम अभिमतमा नागरिकहरुलले राखेको प्रश्न कार्यक्रममा राख्दै








